# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)

## Catalogue Shopping विधिवाट एम्बुलेन्स र जीप खरिद सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति :२०७५/०२/३१

यस कार्यालयको लागि आ.ब.२०७४/२०७५ मा आवश्यक पर्ने तपशिलमा उल्लेख भएबमोजिमको एम्बुलेन्स तथा जीप सिलबन्दी बोलपत्र एवं दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यक्ति,फर्म, कम्पनी वा संस्थाहरुवाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी वोलपत्र दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१)बोलपत्र/दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म,उद्योग,कम्पनी वा संस्थाहले प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० औं दिन र दरभाउपत्रको हकमा १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.ब.को लागि नविकरण भएको फर्म दर्ता प्रमाण पत्र ,स्थायी लेखा दर्ता प्रमाण पत्र,मू.अ.कर दर्ता प्रमाण पत्र एवं आ.ब.२०७३/०७४ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन पेश गरी बोलपत्रको लागि रु ३०००/- एवं दरभाउपत्रको लागि रु १०००/-राजश्व दस्तुर फिर्ता नहुने गरी बुझाई यस मुसिकोट नगर कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम)वाट खरिद गर्न सकिनेछ।

२) खरिद गरिएको शिलबन्दी बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन र दरभाउपत्र फाराम १६ औं दिन दिनको १२:०० बजेभित्र यस नगर कार्यपालिकाको नाममा सम्बोधन गरी फाराम पेश गर्नेको नाम,ठेगाना र फोन नं.उल्लेख गरी सहिछाप गरी शिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण,ठेक्का नं.समेत उल्लेख गरी यस नगरकार्यपालिकाको कार्यालयमा तोकिएको समयभित्रै दर्ता गराई सक्नुपर्ने छ । सो शिलबन्दी बोलपत्र दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे विभिन्न कार्यालयको प्रतिनिधि र बोलपत्रदाता/दरभाउपत्रदाता वा निजहरुले अख्तियारीनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता/दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) बोलपत्रदाता तथा दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात शिलबन्दी बोलपत्र/दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

४) सिलबन्दी बोलपत्र/दरभाउपत्रसाथ जमानत वापत तपशिलमा उल्लेख गरेबमोजिमको जमानत रकम मुसिकोट नगरकार्यपालिका कार्यालयको नाममा नेपाल वैंक लिमिटेड शाखा कार्यालय रुकुममा रहेको धरौटी खाता नं. ग-३,०७७०३००००००००३००००८ मा दाखिला गरेको सक्कलै वैंक भौचर वा यस नगरकार्यपालिकाको नाममा मान्यता प्राप्त वैंकवाट जारी गरिएको बोलपत्र/दरभाउपत्र दाखिला हुने अन्तिम दिनवाट गणना हुनेगरी बोलपत्रको हकमा १२० दिन र दरभाउपत्रको हकमा ७५ दिन अवधि रहेको सक्कल बैंक जमानीपत्र संलग्न गरी पेश गर्नुपर्नेछ ।

५) दररेट अक्षर र दुवैमा लेख्नुपर्नेछ । अक्षर र अंकमा फरक गर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

६) म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश गरेको बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७) शिलबन्दी बोलपत्र/दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ तथा नेपाल सरकारका अन्य ऐन,नियमहरु बमोजिम हुनेछन् ।

८) शिलबन्दी बोलपत्र दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमश:कार्यालय खुलेको अर्को दिन हुनेछ ।

९) शिलबन्दी बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०) अन्य कुरा बुझ्नु परेमा यस नगरकार्यपालिकाको कार्यालयमा आई बुझ्न सकिने छ ।

| क.स. | ठेक्का नं. | कामको विवरण | फाराम दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | १/०७४-०७५ एम्बुलेन्स थान १(एक | **Ambulance-1Unit** RHD/4wd Hardtop Jeep type Vehicle,Engine Max.Power output not less than 65 BHP and Max.Torque Not less than 110 Nu@governed rpm.Ground Clearance Minimum 180 mm.Others are as per approved technical specification | १०००/- (दरभाउपत्र) | कबोल अंकको न्यनतम २.५% | |
| २ | २/०७४-७५ जीप थान १ (एक) | AWD,RHD Jeep type Vehicle and others are as per approved technical | ३०००/- (बोलपत्र) | कबोल अंकको न्यनतम २.५% | |

मुसीकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसीकोट, रुकुम (पश्चिम) ६ नं. प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
मुसिकोट नगरपालिका
रुकुम (पश्चिम)